आज मिति २०८२ कार्तिक २५ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाको नगर उप प्रमुख श्री पार्वता तिवारी ज्यूको अध्यक्षतामा आ व २०८२/८३ को ६ औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| २ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ३ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ४ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ५ | श्री होमनाथ पौडेल | सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ७ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | सदस्य | |
| ९ | श्री भुमिसरा आले | सदस्य | |
| १० | श्री नुन प्रसाद बाचे | सदस्य | |
| ११ | श्री बलिराम सापकोटा | सदस्य | |
| १२ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १३ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १४ | श्री एकदेव पौडेल | सदस्य | |
| १५ | श्री गोपाल थापा | सदस्य | |
| १६ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १७ | श्री केशव राज गौतम | सदस्य | |
| १८ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| १९ | श्री गोमा देवी पौडेल | सदस्य | |
| २० | श्री मधु माया गुरुङ | सदस्य | |
| २१ | श्री फुल माया वि.क | सदस्य | |
| २२ | श्री पार्वती कंडेल | सदस्य | |
| २३ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २४ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २५ | श्री जय बहादुर वि.क | सदस्य | |
| २६ | श्री गिता देवी वोटे | सदस्य | गिता |
| २७ | श्री अशोक कोइराला | सदस्य सचिव | |

२८. श्री शिवलाल श्रेष्ठ — प्रा.प्र.अ.
२९. श्री शिव सापकोटा — अधिकृत छैठौं
३०. श्री छत्राधिपति सापकोटा — सूचना प्र.अ.
३१. श्री गगन भट्टराई — कृषि स्नातक

## देवचुली नगरपालिकाको औ कार्यपालिका बैठक २०८२।०७।२५

छलफलका विषयहरुः

१. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणापत्र पेस गर्ने सम्बन्धमा।

२. भूउपयोग क्षेत्र परिवर्तन सम्बन्धमा।

३. कवाडी निकासी करको ठेक्काको न्यूनतम रकम सम्बन्धमा।

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रकाशित सूचना अनुसार नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि कुल लागत अनुमान रु.२,१५,००,०००। (दुई करोड पन्ध्र लाख) को ३०.३२ प्रतिशत लागत साझेदारी गर्ने गरि कृषि क्षेत्रलाई थप व्यावसायकि, आधुनिकीकरण र प्रविधिमैत्री बनाउने हेतुले कृषि पर्यटन प्रबर्द्धनका लागि कृषक पाठशाला परियोजना अवधारणा पत्र पेश गर्ने निर्णय गरियो। साथै कार्यक्रम कार्यान्वयनका लागि कृषि स्नातक अधिकृत स्तर छैटौ गगन भट्टराईलाई सम्पर्क व्यक्ति तोक्ने र कार्यक्रम कार्यान्वयन समितिको रुपमा आर्थिक विकास समितिले कार्य गर्ने निर्णय गरियो।

२. भूउपयोग क्षेत्र परिवर्तन सम्बन्धमा निम्न निर्णय गरियो।

क) देवचुली नगरपालिका वडा नं ११ बस्ने अनिता वानिया कुवंर क्षेत्री को नाममा दर्ता कायम भएको प्रगतिनगर ४ क कि.नं ४२७१, र वडा नं ११ कै संजय कुवंर क्षेत्री को नाममा दर्ता कायम भएको जग्गा प्रगतिनगर ४ क कि.नं ४२७२ र ४२७३ ( साविक प्रगतिनगर ४ क कित्ता नं २५५१ कृषि क्षेत्रमा वर्गीकरण भई उक्त कित्ता फोड भई आएका) कृषि क्षेत्रमा वर्गीकरण भएकोमा उक्त क्षेत्रहरुमा बोसोबासका लागि आवश्यक आधारभूत भैतिक पूर्वधार, सडक विद्युत खानेपानी लगायतका व्यवस्था भएकोले उक्त कित्ताहरु आवास क्षेत्रमा वर्गीकरण गरी पाउँ भनि निवेदन पेश गरेकोमा उक्त निवेदन उपर छानविन गर्दा हाल उक्त कित्ताहरुमा मध्ये ४२७२ नं को कित्तामा निजको बसोबास रहेको, र बाकी कित्ता ४२७१ र ४२७३ मा आवास प्रयोजनको लागी आवश्यक भौतिक पूर्वधार, सडक विद्युत खानेपानी लगायतको व्यवस्था भएको तथा कित्ताहरु १ हजार वर्ग मिटरभन्दा साना भएकोले भुउपयोग नियमावली,२०७९ को नियम ११ को उपनियम २ बमोजिम भूउपयोग क्षेत्र परिवर्तनको लागी प्रदेश भूउपयोग परिषद्मा पठाउने निर्णय गरियो।

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

पार्वता तिवारी
नगर उपप्रमुख

ख) बेबचुली नगरपालिका वडा नं २ श्रीमति लिल्ला कुमारी शर्मा गौतम र विना कुमारी के.सी को संयुक्त नाममा दर्ता कायम भएको जग्गा सिसवार १ ख को कि.नं १४६४ क्षेत्रफल ०-१४-१५-० कृषि क्षेत्रमा वर्गीकरण भएकोमा उक्त क्षेत्रहरुमा बोसोबासका लागि आवश्यक आधारभूत भैतिक पूर्वधार, सडक विद्युत खानेपानी लगायतका व्यवस्था भएकोले उक्त कित्ताहरु आवास क्षेत्रमा वर्गीकरण गरी पाउँ भनि निवेदन पेश गरेकोमा उक्त जग्गामा भौतिक पूर्वधार, सडक विद्युत खानेपानी लगायतको व्यवस्था भुउपयोग नियमावली,२०७९ को नियम ११ को उपनियम २ बमोजिम भूउपयोग क्षेत्र परिवर्तनको लागी प्रदेश भूउपयोग परिषद्मा पठाउने निर्णय गरियो ।

३. आर्थिक वर्ष २०८२।८३ को बाकी समय अवधि ( २०८३ असार मसान्त सम्म) कवाडी निकासी कर संकलनको लागी मिति २०८२।०७।२४ गतेको राजस्व परामर्श समितिबाट न्यूनतम ठेक्का रकम रु ८,४०,१२०। कायम गर्ने गरी भएको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

पार्वता तिवारी
नगर उपप्रमुख